# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

वर्ष २ अंक २ मंसिर २०६७ December 2010


## अध्यक्षको मन्तव्य

### सदस्य महानुभावहरू,



साफाको २६ वर्षे इतिहासमा पहिलो पटक नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले साफा समिट २०१० को आयोजना गर्ने जिम्मा पाई सफलतापूर्वक सम्पन्न गरेको कुरा जानकारी गराउन पाउँदा मलाई खुशी लागेको छ । पहिलो पटक राष्ट्र प्रमुखको उपस्थित रहेको संस्थाको यस कार्यक्रममा ठूलो संख्यामा विदेशी लेखाव्यवसायीहरुको समेत सहभागिता रहेको थियो । संस्थाको यस कार्यक्रममा उपस्थित भई हामी लेखाव्यवसायीहरुको हौसला बढाई दिनु भएकोमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादव प्रति हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु । हामीले सफलतापूर्वक आयोजना गरेको यस कार्यक्रमका लागि सबै विदेशीसंस्थाहरुबाट समेत बधाई प्राप्त भएको छ । यस कार्यक्रम सम्पन्न गर्न सहयोग गर्नुहुने परिषद, भूतपूर्व अध्यक्षहरु, विभिन्न समितिका सदस्यहरु, कर्मचारी तथा सुभेच्छुकहरु प्रति म हार्दिक धन्यवाद दिन चाहन्छु जसको सहयोग विना यस कार्यक्रम सम्पन्न हुन सम्भव थिएन ।

संस्थाले यस अवधिमा गरेका र आगामी केही कार्यक्रम निम्नानुसार रहेका छन् ।

### साफा समिट २०१० सम्पन्न

- साफाको २६ वर्षे इतिहासमा पहिलो पटक नेपालमा साफा समिट २०१० सम्पन्न भएको छ भने साफा बोर्ड बैठक, Harmonization of Fiscal & Tariff Regimes र Committee for Improvement in Transparency, Accountability and Governance (ITAG) को बैठक तथा साफा उत्कृष्ट वित्तीय प्रतिवेदन पुरस्कारको वितरण पनि सम्पन्न भएको छ ।

▸▸ बाँकी पृष्ठ २ मा

## साफा समिट २०१०
### "Sustainable Development in SAARC Region"

दक्षिण एसियाली मुलुकका लेखा व्यवसायीहरूको संगठन दक्षिण एसियाली लेखा व्यवसायी महासंघ (साफा) को स्थापनाको २६ वर्षमा नेपालमा पहिलो पटक दक्षिण एसियाली स्तरीय लेखा व्यवसायीहरूको भेला सम्पन्न भएको छ । काठमाडौंको सोल्टी क्राउन प्लाजामा भएको उक्त भेलामा नेपाल, भारत, बंगलादेश, पाकिस्तान तथा श्रीलंकाका सहभागीहरूको उलेख्य सहभागिता रहेको थियो । तीन दिन (डिसेम्बर १० देखि १२) सम्म संचालित उक्त कार्यक्रममा साफाका सदस्य संस्थाका अध्यक्ष तथा उपाध्यक्षहरूका साथै विश्वका अन्य संस्थाका व्यक्तित्वहरूले समेत साफा समिटको सफलताको कामना गर्नु भएको थियो ।

साफाको उद्देश्य दक्षिण एसियाली मुलुकहरूको लेखा व्यवसायलाई मजबुत बनाई दक्षिण एसियाली मुलुकको आर्थिक विकासमा टेवा पुऱ्याउनु रहेको थियो । यस समिटको प्रमुख उदेश्य दक्षिण एसियाली मुलुकमा रहेका लेखा व्यवसायमा एकरूपता साथै दीगो आर्थिक विकास कायम राख्नु रहेको थियो । साफा समिटमा स्वदेशी तथा विदेशी पेशाकर्मी तथा विभिन्न निकायका प्रतिनिधी गरी करिव ४०० जनाको सहभागिता रहेको थियो ।

तीन दिन सम्म संचालित उक्त कार्यक्रममा निम्न व्यक्तित्वहरूले आ-आफ्नो सदस्य संस्थाको तर्फबाट कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

| S.N. | Name of the Speaker | Designation | Name of the Topic |
|---|---|---|---|
| 1 | Mr. Sanjeev Maheshwari | Central Council Member, ICAI | Strategies for SMPs in the Region Building Scale and Scope |
| 2 | Mr. Arjuna Herath | Partner, IT Risk Advisory Services and Business Advisory Services, Ernst & Young Srilanka | Need for and Developing SMP Auditing Standards in SAARC Region |
| 3 | Mr. Chandra Wadhwa | Central Council Member and Past President, ICWAI | Cost Accounting Standards – A necessity for SAARC Region |
| 4 | Dr. Jamaluddin Ahmed | President, ICAB | Uniform Energy Accounting |
| 5 | Mr. Kishan Nananayakkara | Managing Director, Hemas Power Plc, Sri Lanka | Assessment of Sustainability in Power Sector in Sri Lanka and its Reporting Lesson |
| 6 | Mr. Rashid Rahman Mir | Council Member ICAP | IFRS Implication for Infrastructure Companies |

## शिक्षातर्फ

- चार्टर्ड एकाउन्टेन्सी शिक्षालाई गुणस्तरीय बनाउनको लागि CAP । मा अध्ययनरत विद्यार्थीहरुलाई आवश्यक पर्ने IT तालिमको लागि Computer Lab को संचालन कार्य अन्तिम चरणमा रहेको छ ।
- शिक्षामा समयानुकूल सूधारको कार्य भै रहेको छ ।

## सदस्यतर्फ

- सदस्यहरुको दक्षता अभिबृद्धि गर्दै लैजाने सोच अनुसार सि.पि.ई कार्यक्रममा समयानुसार परिमार्जन सहित देशका विभिन्न स्थानमा संचालन भईरहेको छ ।
- सदस्यहरुले विभिन्न निकाय जस्तै जिल्ला विकास समिति, सहकारी विभाग तथा क्षेत्रीय शिक्षा निर्देशनालयमा गई सूचिकरण हुनु पर्ने व्यवस्था संस्थाको पहलमा खारेजी भएको छ ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली संशोधन नेपाल सरकार, अर्थमन्त्रालयबाट स्विकृत भइ लागू भइ सकेको छ । यस संशोधनबाट सदस्यहरुको हक हितका विषयमा थप सुधार भएको छ ।

## संस्था सूधारतर्फ

- संस्थामा कार्यरत कर्मचारीहरु संस्थाको मेरुदण्ड हुने भएकाले कर्मचारीहरुलाई समयानुकूल तालिमको लागि आवश्यक कार्य भैरहेको छ ।
- संस्थामा कार्यरत कर्मचारीहरुलाई आवश्यकता हेरी भारतमा Exposure Visit को व्यवस्थाको लागि ICAI का अध्यक्ष श्री अमरजित चोपडासँग छलफल भए अनुसार यसलाई निकट भविष्यमा कार्यान्वयनमा ल्याइने छ ।

## अन्तर्राष्ट्रिय सम्बन्धतर्फ

- संस्था स्थापना पूर्वदेखि हालसम्मका हरेक गतिविधिहरुमा सहयोग गर्दै आएको भारतको चार्टर्ड एकाउन्टेन्ट्स संस्थासँगको सम्बन्धलाई सुधार गर्दै थप सहयोगका लागि गरिएको पहल अनुरुप नेपालमा ISA Certification Course तथा IFRS Certification Course संचालन गर्ने सम्बन्धमा ICAI का अध्यक्ष श्री अमरजित चोपडा विशेष छलफल सम्पन्न भइ वहाँबाट सहयोगको पूर्ण प्रतिबद्धता प्राप्त भएको छ । साथै यस सम्बन्धमा हालै भारतको नयाँ दिल्लीमा सम्पन्न ICAI International Conference को दौरान थप छलफल भइ निकट भविष्यमा नै दुवै course शुरु हुने भएको छ ।

## भविष्यका कार्यक्रमहरू

- माघ १७ गते नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको १४औं वार्षिकोत्सवको उपलक्ष्यमा १ दिने IFRS सम्बन्धी सेमिनार गर्ने ।
- विभिन्न नियमनकारी निकायहरुसँग अन्तरकृया संचालन गर्ने ।
- सदस्यहरुको लागि दक्षता अभिबृद्धि कार्यक्रम संचालन गर्ने ।
- कर्मचारीहरुलाई समयानुकुल तालिम तथा Exposure Visit को व्यवस्था गर्ने ।

धन्यवाद !

सुनिर कुमार ढुंगेल
अध्यक्ष

---

### नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ मा भएको संसोधन बारे सूचना

नेपाल सरकार, (मा. मन्त्रीस्तर) को मिति २०६७/०९/२० गतेको निर्णयानुसारल नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली २०६१ मा सदस्यहरुसँग सम्बन्धित निम्न संसोधन भएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

- पेशागत प्रमाण-पत्र प्राप्त निम्नानुसार वर्गीकृत सदस्यले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संसोधन) नियमावली २०६७ को नियम ५३ बमोजिम परिषद्ले तोकेको आचार संहिताको अधिनमा रही निम्नानुसार रकमको हदसम्म लेखापरीक्षण गर्न सकिनेछ ।

  (क) क वर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले जतिसुकै रकम पनि ।
  (ख) ख वर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले ४० (चालीस) करोड रुपैंयासम्म ।
  (ग) ग वर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले १० (दस) करोड रुपैंयासम्म ।
  (घ) घ वर्गको पेशागत प्रमाणपत्र प्राप्त सदस्यले १ (एक) करोड रुपैंयासम्म ।

- संशोधित नियमावलीको नियम ४९ अनुसार सेवारत सदस्यहरुले पेशागत प्रमाणपत्र पाउने छैनन् भने पाई रहेका सदस्यहरुको स्वत: स्थगत हुनेछ र नविकरण हुने छैन । यो प्रावधान चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुको हकमा तुरुन्त लागु हुनेछ भने दर्तावाला लेखापरीक्षक सदस्यहरुको हकमा मिति २०७० श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।
- दर्तावाला लेखापरीक्षक सदस्यहरुले चार्टर्ड एकाउन्टेन्सी शिक्षा हासिल गर्न चाहेमा यदी मान्यता प्राप्त विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट मध्यम तहको परीक्षा उत्तीर्ण गरेमा यस संस्थाको मध्यम तहको परीक्षा छुट पाइने छ भने त्यस्ता विदेशी संस्थाबाट मध्यम तहको कुनै समूह उत्तीर्ण भएमा सोही विषयहरु यस संस्थाको मध्यम तहमा रहेछ भने उक्त विषयहरु छुट पाईने छ । त्यस्तै लेखा, लेखापरीक्षण तथा कर सम्बन्धी मुख्य विषय लिई वाणिज्य स्नातक वा स्नातकोत्तर गरी उल्लेखित तहमा ५० (पचास) प्रतिशत अंक प्राप्त गरेको विषयहरु चार्टर्ड एकाउन्टेन्सी शिक्षाको मध्यम तहको विषय र अधिकांश पाठ्यक्रम मिल्ने रहेछ भने उक्त विषय छुट पाउनेछ ।
- नेपाल चार्टर्ड एकाउन्टेन्ट्स (पहिलो संसोधन) नियमावली २०६७ को ५२(३) बमोजिम पेशागत प्रमाणपत्र प्राप्त सदस्यले एकै समयमा गैर लेखा व्यवसायिक सेवा वा पेशा गर्नु हुँदैंन । पेशागत प्रमाणपत्र प्राप्त सदस्यले लेखा व्यवसाय बाहेक अन्य कुनै पेशा व्यवसाय गर्ने भएमा अन्य पेशा व्यवसाय गर्नुभन्दा कम्तीमा सात दिन अगावै सो अवधिभर आफ्नो पेशागत प्रमाणपत्र स्थगन गराउन निवेदन दिनु पर्नेछ । चार्टर्ड एकाउन्टेन्ट सदस्यहरुको हकमा यो नियम तुरुन्त लागु हुनेछ भने दर्तावाला लेखापरीक्षक सदस्यहरुको हकमा मिति २०७० श्रावण १ गते देखि प्रारम्भ हुनेछ ।


नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
**THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL**
(Established under the Nepal Chartered Accountants Act, 1997)
बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०/२०३००२१
फ्याक्स: २५८५६८, इमेल: ican@ntc.net.np, वेबसाइट: www.ican.org.np

| S.N. | Name of the Speaker | Designation | Name of the Article |
|---|---|---|---|
| 7 | Mr. Muzaffar Ahmed | Council Member & Past President, ICMAB | Role of Professional Accountants in evolving a healthy framework of Microcredit |
| 8 | Mr. Muhammad Hanif Ajari | Vice President, ICMAP | Sustainable Pricing Models for Social Infrastructure Projects |
| 9 | Mr. Dipak Gyawali | Academician, NAST | Strategy for converting the Himalayan water resources in to an energy powerhouse of the region with related economic benefits for Nepal |

साफा समिटको उद्घाटन महामहिम राष्ट्रपति डा. रामवरण यादवले गर्नु भएको थियो भने समापन समारोहमा प्रमुख अतिथीको रूपमा माननीय अर्थमन्त्री श्री सुरेन्द्र पाण्डेको उपस्थिति थियो ।



महामहिम राष्ट्रपति डा. रामवरण यादव साफा समिटको अवसरमा कार्यक्रमको उद्घाटन गर्नुहुँदै ।

उक्त कार्यक्रमा सहभागिता जनाउने यस संस्थाका सदस्यहरूलाई १५ घण्टाको सि.पी.ई क्रेडिट आवर समेत प्रदान गरिएको थियो ।

साफा समिटको पहिलो दिन डिसेम्बर १० मा, SAFA Board Meeting तथा SAFA Committee on Harmonization of Fiscal and Tariff Regimes सम्पन्न भएको थियो । त्यसैगरी दोस्रो दिन डिसेम्बर ११ मा साफा i-TAG Committee Meeting सम्पन्न भएको थियो र अन्तिम दिन डिसेम्बर १२ मा SAFA समिट २०१० को समापन समारोहमा "काठमाडौं घोषणापत्र २०१०" जारी गरिएको तथा SAFA BPA AWARD प्रदान गरिएको थियो ।


काठमाडौंमा ११ डिसेम्वर २०१० मा सम्पन्न साफा ITAG Committee Meeting को दृष्य

## साफा बिपिए अवार्ड (SAFA BPA Award)

नेपालमा सम्पन्न भएको साफा समिटको अवसरमा SAFA Best Presented Accounts Award २००९ विभिन्न सात बिधामा तथा SAFA Corporate Governance Disclosure Award पनि सोही समारोहमा प्रदान गरियो । आठ बिधामा प्रदान गरिएको उक्त पुरस्कार ७१ सहभागिलाई प्रदान गरिएको थियो । जसमा श्रीलंकालाई पच्छाउंदै बंगलादेशले दोस्रो स्थान प्राप्त गऱ्यो भने पाकिस्तान तथा भारतले क्रमशः तेस्रो र चौथो स्थान प्राप्त गरे । यस अवार्डले निकायहरूलाई राम्रो प्रस्तुतीकरणको हौसला प्रदान गरेको छ ।



साफा बि.पि.ए अवार्ड बिजेताहरू माननीय अर्थमन्त्री श्री सुरेन्द्र पाण्डेका साथ

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका प्रथम अध्यक्ष श्री कोमल बहादुर चित्रकार, एफसिए, हाल साफाको अध्यक्षको रूपमा कार्यरत हुनुहुन्छ भने साफाको कार्यकारी सचिवको रूपमा यस संस्थाका प्राविधिक निर्देशक श्री परमानन्द अधिकारी, एफसिए कार्यरत रहनुभएको छ ।


काठमाडौंमा १० डिसेम्वर २०१० मा सम्पन्न १५ औं साफा बोर्ड बैठकका सहभागी


SAFA Harmonization of Fiscal and Tariff Regime Meeting को दृष्य

## साफा i-TAG कमिटी बैठक सम्पन्न

भारतको नयाँ दिल्लीमा नभेम्बर २८ देखि २९, २०१० मा साफा i-TAG कमिटी बैठक सम्पन्न भयो । उक्त बैठकमा यस संस्थाका अध्यक्ष सुनिर कुमार ढुंगेल तथा प्राविधिक निर्देशक श्री परमानन्द अधिकारीको सहभागिता रहेको थियो । उक्त बैठकले SAFA Member Countries बाट BPA तथा CA Award को लागी प्राप्त भएका वार्षिक प्रतिवेदनहरूको अन्तिम मूल्यांकन गरी विभिन्न आठ विधामा उत्कृष्ट हुने संस्थाहरूलाई चयन गरेको थियो ।



भारतको नयाँ दिल्लीमा नभेम्बर २८ तथा २९, २०१० मा साफा i-TAG कमिटी बैठकको दृष्य

## Regional Standards Setters Conference (RSS)

भारतको नयाँ दिल्लीमा नोभेम्बर ३० तथा डिसेम्बर १, २०१० मा भएको Regional Standards Setters Conference (RSS) मा संस्थाको तर्फबाट अध्यक्ष श्री सुनिर कुमार ढुंगेल तथा सफाका कार्यकारी सचिव श्री परमानन्द अधिकारीको सहभागिता रहेको थियो । उक्त सेमिनारमा SAFA Member Countries मा Accounting Standards को वर्तमान अवस्था तथा National Standards लाई IFRS Convergence वा Adoption गर्ने विषयमा Member Bodies ले आफ्नो आफ्नो देशमा भइरहेको गतिविधीहरूको बारेमा प्रकाश पारेका थिए ।




भारतको नयाँ दिल्लीमा नोभेम्बर ३० तथा डिसेम्बर १, २०१० मा भएको Regional Standards Setters Conference (RSS) का सहभागीहरू

## 18th World Congress of Accountants

मलेशियाको राजधानी क्वालालाम्पुरमा नोभेम्बर ८-११, २०१० मा १८ औं World Congress of Accountants को सम्मेलन सम्पन्न भयो । चार दिनसम्म संचालित उक्त सम्मेलनमा संस्थाको तर्फबाट अध्यक्ष श्री सुनिर कुमार ढुंगेल, उपाध्यक्ष श्री सुदर्शन राज पाण्डे, साफाका अध्यक्ष श्री कोमल बहादुर चित्रकार तथा साफाका कार्यकारी सचिव श्री परमानन्द अधिकारी लगायत परिषदको तर्फबाट श्री सुबोध कुमार कर्ण, श्री मधुविर पाण्डे, श्री सुजन कुमार काफ्ले, श्री मोहन रेग्मी, श्री देव बहादुर बोहरा र कृष्ण पौडेल समेत १० जनाको सहभागिता रहेको थियो । चार दिनसम्म संचालन भएको उक्त Congress मा चारवटा Plenary Sessions तथा पैंतिसवटा Concurrent Sessions हरू संचालन भएका थिए । उक्त सेसनहरू विशेष रूपमा प्रस्तुत भएको थियो । सोही अवसरमा SAFA ले समेत SAFA Forum अन्तर्गत "Implementation of IFRS & IPSAS in Developing Countries" संचालन गरेको थियो ।



नेपालको तर्फबाट WCOA 2010, Kuala Lumpur, Malaysia मा सहभागी प्रतिनिधी मण्डल ।

### सदस्यसम्बन्धी समाचार

## वर्ग बृद्धिको नतीजा प्रकाशन

२०६७ जेष्ठमा संचालित वर्ग बृद्धि परीक्षामा सहभागी हुनुभएका रजिष्ट्रर अडिटर सदस्यहरूको वर्ग बृद्धिको नतीजा प्रकाशित गरिएको छ । जसमा ग वर्गबाट ख वर्गमा ५ जना तथा घ वर्गबाट ग वर्गमा १ जना सदस्यहरूको वर्ग बृद्धि भएको छ त्यसैगरी वर्ग बृद्धि परीक्षामा सम्मिलित भई ग वर्गका २ जना सदस्य पहिलो समूह मात्र उतीर्ण हुन सफल हुनु भएको छ भने वर्ग बृद्धि परीक्षामा सम्मिलित भई घ वर्गका २ जना सदस्य मध्ये १ जना सदस्यले पहिलो समूह र १ जना सदस्यले दोस्रो समूह मात्र उतीर्ण हुन सफल हुनु भएको छ । वर्ग बृद्धि हुनसफल हुनु भएका सदस्यहरूले आफ्नो पेशागत प्रमाणपत्रको सक्कल संस्थामा बुझाई नयाँ पेशागत प्रमाणपत्र लैजानुहुन समेत सूचित गरिन्छ । सफल उम्मेदवारलाई बधाई ।

## सदस्यता नवीकरण सम्बन्धी

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ बमोजिम श्रावण १, २०६७ देखि पौष १६, २०६७ सम्म सदस्यता, पेशागत तथा लेखा व्यवसायी संस्था नवीकरण गर्नुहुने सदस्यहरूको विवरण देहाय बमोजिम रहेको छ ।

| विवरण | सदस्यता | | पेशागत प्र.प | | लेखा व्यवसायी फर्म | |
|---|---|---|---|---|---|---|
| | कूल सदस्य | नवीकृत सदस्य | कूल पेशागत प्र.प. | नवीकृत पेशागत प्र.प | कूल लेखा व्यवसायी फर्म | नवीकृत लेखा व्यवसायी फर्म |
| एफ.सि.ए | २१४ | १६१ | १८६ | १२९ | ३९८ | २४५ |
| सि.ए | ३११ | २३९ | ३०५ | १९० | | |
| जम्मा | ५२५ | ४०० | ४९१ | ३१९ | ३९८ | २४५ |
| आर.ए ख | ३३६० | २२२२ | ३१०३ | १७१४ | ८६६ | ६५५ |
| आर.ए ग | १५७९ | ९८२ | १४३८ | ८३३ | २९८ | १९९ |
| आर.ए घ | २३४४ | १४९३ | २१४४ | १३५८ | १९३ | १४४ |
| जम्मा | ७२८३ | ४६९७ | ६६८५ | ३९०५ | १३५७ | ९९८ |
| कूलजम्मा | ७८०८ | ५०९७ | ७१७६ | ४२२४ | १७५५ | १२४३ |

पौष महिनाको २९ गते पश्चात् सदस्यता शुल्कमा ४० प्रतिशत साथै पेशागत प्रमाणपत्र तथा लेखा व्यवसायी फर्म नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ को नियम ५० को उपनियम ४ बमोजिम तथा नियम ५९ को उपनियम ५ बमोजिम पेशागत प्रमाणपत्र तथा लेखा व्यवसायी फर्म स्वत रद्द भएको मानिने छ ।

## सि.पि.ई कार्यक्रम सम्बन्धी

आर्थिक वर्ष २०६८/६९ को लागि २०६७ मंसिर १० गते देखि संचालनमा आएको सि.पि.ई कार्यक्रम हालसम्म काठमाडौं, महेन्द्रनगर, भैरहवा, धनगढी, पोखरा, बिराटनगर, दाङ तथा राजविराजमा सफलताका साथ सम्पन्न भएको छ । उक्त कार्यक्रमको लागि नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था लगायत संस्थासँगको सम्झौता बमोजिम AUDAN, INCA तथा CAI ले सञ्चालन गरेका थिए । साथै साफा समितिमा सहभागिता जनाउने यस संस्थाका सदस्यहरूलाई १५ घण्टाको सि.पी.ई क्रेडिट आवर समेत प्रदान गरिएको थियो ।

**विद्यार्थीसम्बन्धी समाचार**

## केरियर काउन्सलिङ्ग (CAREER COUNSELING )

चार्टर्ड एकाउन्टेन्सी शिक्षाको महत्वबारे ईच्छुक विद्यार्थीहरूलाई जानकारी प्रदान गर्ने उद्देश्यले काठमाडौंका विभिन्न कलेजमा विभिन्न मितिमा करियर काउन्सलिङ कार्यक्रमको आयोजना गरियो । काठमाडौंको ब्रिलियन्ट कलेज, चाबहील तथा काठमाडौंकै नोवल कलेज, नयाँबानेश्वरमा क्रमशः दुई दिन तथा एक दिन गरी संचालन गरिएको उक्त कार्यक्रममा जम्मा १६७ जनाले सहभागिता जनाएका थिए । तीन सेसनमा संचालित उक्त कार्यक्रममा क्रमशः ५३, ७० तथा ४४ जनाको सहभागिता थियो । विभिन्न कलेजमा भएको उक्त कार्यक्रममा चार्टर्ड एकाउन्टेन्ट कोर्ष पश्चात् प्राप्त गर्न सकिने संभावित पदस्थापन समेतको जानकारी प्रदान गराईएको थियो । उक्त कार्यक्रममा सहभागीहरूले चार्टर्ड एकाउन्टेन्सी शिक्षामा गहिरो रूचि देखाएका थिए ।

उक्त कार्यक्रममा शिक्षा विभागका सह निर्देशक श्री पुस्पेन्द्र सिंह, सि.ए., बरिष्ठ अधिकृत श्री चुडामणी आचार्य तथा सहायक श्री कृष्णा बि.सी. को संग्लग्नता थियो ।

## CRASH COURSE संचालन

विगत वर्षहरूझै यस वर्ष पनि डिसेम्बर २०१० मा वार्षिक परीक्षाको परीक्षा कार्यक्रममा परीक्षार्थीको रूपमा रहेका CAP II तहका विद्यार्थीहरूलाई लक्षितगरी संचालित CRASH COURSE मिति सेप्टेम्बर २६, २०१० देखि नोभेम्बर ११, २०१० सम्म संचालन भयो । उक्त कार्यक्रममा जम्मा १११ प्रशिक्षार्थीको सहभागिता रहेको थियो ।

## योग्यता प्रमाणपत्र (Eligibility Certificate) वितरण

२०१० डिसेम्बरको वार्षिक परीक्षामा सहभागी हुन योग्यता प्रमाणपत्र प्राप्त गर्ने तहगत रूपमा विद्यार्थीको संख्या निम्नानुसार रहेको छ । जसमा सबैतहका दुवै समूहमा योग्य हुने, पहिलो समूहमा योग्य हुने तथा दोस्रो समूहमा योग्य हुने प्रशिक्षार्थीहरू क्रमशः ६५४, ५४, तथा ६९ रहेका थिए । जसमा कूल ७७७ जना परीक्षाको लागि योग्य भएका थिए ।

२०१० डिसेम्बरको वार्षिक परीक्षामा सहभागी हुन योग्यता प्रमाणपत्रप्राप्त गर्ने तहगत रूपमा विद्यार्थीको संख्या

| क्र.सं. | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १ | फाउन्डेसन | | १ | | १ |
| २ | फाईनल | १ | १ | | २ |
| ३ | CAP I | ३८८ | १६ | ३४ | ४३८ |
| ४ | CAP II | २४८ | ३२ | २० | ३०० |
| ५ | CAP III | १७ | ४ | १५ | ३६ |
| | कूल | ६५४ | ५४ | ६९ | ७७७ |

## सि.ए वार्षिक परीक्षा सम्पन्न

२०१० डिसेम्बरको ICAN बाट संचालित विभिन्न तहको वार्षिक परीक्षा सफलताका साथ संचालन भएको छ साथै परीक्षा केन्द्र ब्रिलियन्ट बहुमुखी क्याम्पसमा सहभागी भएका विद्यार्थीको संख्या तहगत रूपमा निम्न रहेका छन् ।

२०१० डिसेम्बरमा सहभागी भएका तहगत रूपमा विद्यार्थीको संख्या

| क्र.सं. | तह | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| १ | फाउन्डेसन | ६ | १३ | १० | २९ |
| २ | ईन्टरमिडियट | १५ | १३ | २७ | ५५ |
| ३ | फाईनल | २४ | १७ | १५ | ५६ |
| ४ | CAP I | ४७१ | ६६ | ६९ | ६०६ |
| ५ | CAP II | ४१४ | १०६ | ११४ | ६३४ |
| ६ | CAP III | २७ | १३ | ८ | ४८ |
| | कूल | ९५७ | २२८ | २४३ | १४२८ |

साथै विदेशी चार्टर्ड एकाउन्टेन्ट्स संस्थाबाट चार्टर्ड एकाउन्टेन्ट फाईनल परीक्षा उतीर्ण गरी संस्थाको नियम बमोजिम सदस्यताको लागि कूल ३३ जनाले परीक्षा दिएका थिए ।

## विद्यालयहरूको लेखापरीक्षणको लागि सूचिकरणको व्यवस्था खारेज

संस्थाका पदाधिकारीहरूको एक प्रतिनिधिमण्डलले २०६७ भदौ ३ गते शिक्षा मन्त्रालयका पदाधिकारीहरूसँग भेट गरी विद्यालयहरूको

लेखापरीक्षण गर्ने प्रयोजनका लागि कायम रहेको सूचिकरणको व्यवस्था खारेज गर्ने सम्बन्धमा छलफल गरेको थियो । उक्त अवसरमा शिक्षा मन्त्रालयका पदाधिकारीहरूले शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९ मा विद्यालयहरूको लेखापरीक्षणको लागि लेखापरीक्षकहरूको सूचिकरण गर्नुपर्ने व्यवस्था खारेज/संशोधन गर्ने प्रतिबद्धता जाहेर गर्दै सो संशोधन नहुन्जेल संस्थाबाट पेशागत प्रमाणपत्र प्राप्त गरी नवीकरण अद्यावधिक भएका लेखापरीक्षकहरूको सूचिलिई लेखापरीक्षण गराउने बारेमा छलफल भएको थियो । शिक्षा मन्त्रालयको मिति २०६७/०८/२२ को निर्णयानुसार नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाले अध्यावधिक गरेको सूचि क्षेत्रगत रूपमा विद्यालयहरूको लेखापरीक्षण गर्न क्षेत्रीय शिक्षा निर्देशनालयमा उपलब्ध गराउने गरी सहमति भएको छ । सोही अनुसार विद्यालयहरूको लेखापरीक्षणको लागि सूचिकरणको व्यवस्था खारेज भएको छ ।

## वनभोज कार्यक्रमको आयोजना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ले मिति २०६७/०९/०६ गतेका दिन ककनीमा वनभोज कार्यक्रमको आयोजना गरेको थियो । उक्त कार्यक्रममा परिषदका उपाध्यक्ष लगायत परिषदका सदस्यहरूको साथै संस्थाका कार्यकारी निर्देशक र अधिकांश कर्मचारीहरूको उपस्थिति थियो ।



नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था ले मिति २०६७/०९/०६ गतेका दिन नुवाकोटको ककनीमा आयोजना गरेको वनभोज कार्यक्रमको एक दृष्य ।

## कर्मचारीसम्बन्धी समाचार

संस्थामा कार्यरत बरिष्ठ अधिकृत श्री विष्णु प्रसाद सुवेदी तथा बरिष्ठ सहायक श्री प्रमोद नेपालले आफ्नो पदबाट राजिनामा दिनु भएको छ ।

## सूचना

### Invitation to Join a Panel of Resource Person

The Institute of Chartered Accountants of Nepal (ICAN) is about to build up a pool of resource person who are to be employed/consulted for the various technical activities to enhance the quality of the Chartered Accountancy Education offered by the institute.

Accordingly, ICAN hereby seeks application from the chartered accountant members to be enlisted in the said pool of resource person. The interested are allowed to select from amongst various areas of their particular experience and expertise from the below list:

| S.N. | Area of Interest |
|---|---|
| 1. | Development of Course Materials |
| 2. | Development of Guidance Materials |
| 3. | Preparation of Revision Test Papers |
| 4. | Preparation of Suggested Answers |
| 5. | Lecturer for Crash Course |
| 6. | Development of Material on Nepal Accounting Standards |
| 7. | Development of Material on Nepal Auditing Standards |
| 8. | Pretest Exam- Question Preparation |
| 9. | Pretest Exam – Answer Evaluation |
| 10. | Others (Please Specify) |

**Application**

The potential candidates may apply for empanelment by filling up the Expression of Interest (EOI) Form which is available upon request or can be downloaded from the Institute's website .

**Selection Process and Tenure**

The selection of the candidates for empanelment in the pool of resource person would be finalized by the Education Committee of ICAN based upon relevant experience and expertise.

प्रापकको नाम र ठेगाना:

टिकट

प्रकाशक : सम्पादन समिति

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था

THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL

(Established under the Nepal Chartered Accountants Act, 1997)

बबरमहल, काठमाडौं, पो.ब.नं. ५२८९, फोन: ०१-४२५८५६९/४२६९१३०/२०३००२१

फ्याक्स: २५८५६८, इमेल: ican@ntc.net.np, वेबसाइट: www.ican.org.np

शाखाहरू : विराटनगर, बुटवल, वीरगञ्ज